जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४० अंक ४८ २०७९ साल असार २६ गते आइतवार (10 July 2022 Sunday) मूल्य रु. ७/-

सर्पको टोकाईबाट बचौं र बचाऔं ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : ठगी तथा आपराधिक विश्वासघात ... पृष्ठ ३ मा : राष्ट्रिय स्वास्थ्य सुरक्षाको लागी ... पृष्ठ ५ मा : प्रथम राष्ट्रिय महिला आमन्त्रणमा ... पृष्ठ ५ मा : जापानका पूर्वप्रधानमन्त्री ..

## तरलताको अभावले व्यवसाय धरासय हुन लागेको भन्दै बैंक तथा वित्तिय संस्थालाई कडाई नगर्न आग्रह



**राजविराज**/उधोग वाणिज्य संघ सप्तरीले बैंक तथा वित्तिय संस्थामा देखापरेको तरलताको अभावले समस्यामा परेका उधोगी व्यवसायीले सुधारका लागी सरोकारवालसंग छलफल चलाएको छ ।

छलफल कार्यक्रमका अधिकांश सहभागीले कोरोनाका कारण समस्यामा परेको व्यापार व्यवसाय सम्हलिन नपाउँदै अहिले बैंक तथा वित्तिय संस्थामा देखिएको तरलता अभावले झनै संकटमा परेको दुखेसो गरेका छन् ।

उधोग बाणिज्य संघ सप्तरीका अध्यक्ष लालु प्रसाद अग्रवालले बैंक तथा वित्तिय संस्थामा रहेको ऋण र ब्याज चुक्ता गर्न नपाई उद्योगि व्यवसयीहरु उठिवास हुने स्थितीमा पुगेको कार्यक्रममा बताए ।

बैंकहरुबाट ऋण र ब्याज चुक्ताका लागी निकै दवाव आउन थाले पछि यहाँका कतिपय व्यवसायी विस्थापित हुने र कतिपय आत्महत्या सम्म गर्ने भन्दै आफनो सम्पर्कमा आउन थालेको जानकारी दिदै उनले कार्यक्रममा सहभागी विभिन्न बैंकका प्रबन्धकहरु संग यस्तो कडाई न गर्न आग्रह समेत गरे ।

उनले समस्यामा परेका त्यस्ता उधोगी र व्यवसायीको घर जग्गा लिलाम तथा कालोसुचीमा राख्ने काम न गरिदिन र थप केही समय सिमा दिएर उधोगी व्यवसायीलाई जोगाउन अपिल समेत गरे । उनले बैंक तथा वित्तिय संस्थामा देखिएको तरलता अभावको फाईदा केही मिटर ब्याजीले उठाउने गरेको र मिटर ब्याजको चक्रमा फंसेर जिल्लाका एक दर्जन भन्दा बढी उधोगी व्यवसायीहरु घरबार बेचेर पलायन हुने अवस्थामा पुग्न लागेको जानकारी पनि दिए ।

अध्यक्ष अग्रवालले बैंक तथा वित्तिय क्षेत्रमा भएको तरलता अभावका कारण नयाँ उधोगमा लगानी विस्तार हुन नसकेको र भएको उधोग धन्धा पनि बन्द हुने अवस्थामा पुगेको भन्दै तरलता समस्या सामाधानका लागी आवश्यक पहल गर्न बैंक तथा वित्तिय संस्था र सरकारले अविलम्ब ध्यान दिनु पर्नेमा जोड दिए ।

संघका महासचिव अमृत संचेतीले बुआ विरामी परेको बेला बैंकबाट तत्काले ऋण न पाउँदा स्थानीय एक सहकारी संस्थाको विश्वासमा परी मिटर ब्याजको चक्करमा फसेको र सोही कारणले बहुमुल्य जग्गा विक्री गर्नू परेको दुखेसो सुनाए । यस्तो अवस्था अरु साथीभाईहरुलाई पनि न परोस भन्ने विचार राख्दै उनले बैंकहरुलाई प्रकृया पुऱ्याएर आउनेहरुलाई छिठो छरितो ढंगले ऋण उपलब्ध गराई सहायोग गरिदिन आग्रह गरे ।

उधोग बाणिज्य संघका संचालक सदस्य सचिन्द्र दासले कोरोनाका कारण संकटमा परेको व्यापार व्यवसाय सो संकटबाट मुक्त हुन नपाउदै अहिले बैंक तथा वित्तिय संस्थामा देखिएको तरलताको अभावले झनै संकटमा फसेको भन्दै उधोगी व्यवसायीलाई सबल बनाउन आवश्यक मौद्रिक नीती मार्फत समस्याको हल खोज्नु पर्नेमा जोड दिए ।

पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देवले उधोग

***बाँकी अन्तिम पृष्ठमा***

## गर्मीले जनजिवन अस्तव्यस्त, बिरामी बढे



**राजविराज**/सप्तरीमा एक सातोदखी बढेको गर्मीका कारण जनजिवन प्रभावित भएको छ भने गर्मीकै कारण बिरामीहरु समेत बढ्दै गएका छन् ।

विगत एक सातादेखी राजविराजको तापक्रम ३६ देखी ४० पुग्ने गरेको छ । बिहानैदेखी लाग्ने चर्को घामका कारण जनजिवन नै अस्तव्यस्त भएको छ । विद्यालय जाने बालबालिकाहरु गर्मीका कारण

न्युन उपस्थिति हुने गरेको छ ।

गर्मीका कारण यहाँका सरकारी कार्यालय तथा अन्य संघसंस्थामा सेवाग्राहीको संख्या निकै घटेको छ । अत्याधिक गर्मीकै कारण यहाँबाट छोटो तथा लामो दुरीमा चल्ने सवारीसाधनमा यात्रुको चाप निकै घटेको सगरमाथा यातायात संघका सचिव दिनेश साहले बताए ।

अतिआवश्यक काम बाहेकको समयमा मानिसहरु घर बाहिर कमै निस्कनेका कारण बजारमा समेत चहलपहल निके घटेको छ । गर्मीका कारण व्यापार, व्यवसायमा समेत कमी आएको उद्योग बाणिज्य संघ सप्तरीका महासचिव अमृत संचेतीले बताए ।

गर्मीबाट बच्नका लागि झोल पदार्थ बढी खान, घाममा ननिस्कन, सितलमा बस्न लगायतका घरेलु उपाय अपनाउनु पर्ने चिकित्सकहरुले सुझाव दिएका छन् ।

यता डायरिया, ज्वरो र सर्पदंशका बिरामी अहिले अत्याधिक अस्पतालमा आउने गरेको गजेन्द्र नारायण सिंह अस्पतालका स्वस्थयकर्मीहरुले बताएका छन् । गर्मीका कारण डायरिया, ज्वरो तथा सर्पदंशका बिरामी बढेको आकस्मिक कक्षका अहेब सन्तोष दासले बताए ।

उनका अनुसार यस्ता रोगबाट पीडित दैनिक १० देखी १५ जना नयाँ बिरामी अस्पताल आउने गरेका छन् । उनले दुई दिनभित्रै एक नाबालकसहित ४ जना सर्पदंशका बिरामी आएको जानकारी दिए ।

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था

रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।

आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।

विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।

प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।

नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।

उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।

सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।

सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।

सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।

व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।

कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।

सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।

त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**

**राजविराज ९ मलेठ, सप्तरी**

**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

### अत्याधिक गर्मीमा विद्युत नियमित गर्ने तर्फ ध्यान पुगोस

केही दिनदेखी बढेको गर्मीमा विद्युत अनियमित हुदैछ । विद्युत अनियमित हुँदा पंखा, कुलर, एसी लगायतका विद्युतीय उपकरणहरु नचल्दा मानिसहरुको बेहाल भएको छ । विद्युत आएपनि भोल्टेज नहुनाले उपभोक्ता अत्यन्त मारमा पर्दै आएका छन् । विद्युतिय उपकरणहरुको मर्मत नगर्दा कुनै पनि बेला विद्युत अवरुद्ध भइरहनाले उपभोक्ताहरु मारमा पर्दै आइरहेका छन । यसप्रति कुनै सरोकारवालाको ध्यान पुग्न सकेको छैन् । वर्षौंदेखी त्यही उपकरणलाई जडान गरि कामचलाउ तरिकाले मर्मत गरि संचालनमा आएका त्यस्ता उपकरण कामै नलाग्ने हुँदा समेत प्राधिकरणले कुनै वास्ता गरेको देखिन्न् ।

केही दिनदेखी बढेको गर्मीका कारण मानिसहरु विद्युती उपकरणबाट शरीरलाई सितलता प्रदान गरिरहेका छन् । विद्युत नहुँदा गर्मीले मानिसहरुमा छटपटाहट भइरहेको हुन्छ । सितलताका लागि अहिले मानिसहरुले अत्याधिक रुपमा विद्युतीय उपकरण नै प्रयोग गर्ने गरेका छन् ।

प्राधिकरणले सेवाग्रहीलाई समयमै आफ्नो मर्मत सम्भारको काम गर्नुपर्ने दायित्व बोध हुनु जरुरी छ । तसर्थ यसका लागि प्राधिकरणले आफ्नो मातहतका निकायमा पहल गरि विद्युत नियमित गर्नका लागि आवश्यक कदम चाल्नु पर्छ ।

# ठगी तथा आपराधिक विश्वासघात मुद्दाका दुई अभियुक्त कारागार चलान

**राजविराज**/ठगी तथा आपराधिक विश्वासघात मुद्दाका दुई अभियुक्तलाई बुधबार जिल्ला अदालत सप्तरीले पूर्पक्षका लागि कारागार चलान गरेको छ ।

मिटरब्याजी प्रकरण अन्तर्गत सो मुद्दाका सप्तरीको खडक नगरपालिका ७ कल्याणपुर निवासी नन्दकिशोर साह र अनुराधा साहलाई जिल्ला न्यायाधिश सुर्यनाथ प्रकाश अधिकारीको इजलासले कारागार चलान गरिएको हो । साहद्वय मिटरब्याजी रामदेव साहका छोरा छोरी हुन् ।

बुधवार थुनछेक बहस सकिएपछि साह दाजु बहिनीलाई पूर्पक्षका लागि थुनामा राख्ने आदेश भएको सप्तरी जिल्ला अदालतका





श्रेस्तेदार कुमार मास्केले जानकारी दिएका छन् ।

ठगी तथा अपराधिक विश्वासघात मुद्दाका मुख्य अभियुक्त मानिएका रामदेव साह भने अझै फरार छन् । साह दाजु बहिनीका बुवा समेत रहेका रामदेवको भने खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी माधव प्रसाद काफ्लेले बताए ।

साह परिवारमाथि जग्गा तथा सुनचाँदीको गरगहना बन्धकी राखेर चर्को मिटरब्याज असुली गर्ने र कतिपय व्यक्तिले लिएको ऋण र ब्याज चुक्ता गरिसकेपनि धितो फिर्ता नगरेको आरोप छ । पीडितहरुको उजुरीको आधारमा उनीहरु उपर ठगी तथा अपराधिक विश्वासघात मुद्दा चलाइएको प्रहरीको भनाई छ ।

पीडितहरुको तर्फबाट प्रदेश कानून अधिकृत समेत रहेकी अधिवक्ता किरणकुमारी साह, अधिवक्ताहरु समिम अख्तिर, भरत यादव, महेन्द्र साह, सुरेन्द्र साह तथा आरोपित प्रतिवादीहरुको तर्फबाट अधिवक्ता बालकिशोर यादव, अशोक चौधरी, कृष्णकुमार केशी लगायतका कानून व्यवसायीले वहस पैरबी गरेका थिए ।

यता, ठगी तथा अपराधिक विश्वासघात गरेको आरोपमा पक्राउ परेका दाजु बहिनीको थुनछेक बहस भइरहदा अदालतको मुल ढोकामा बुधवार पनि साह परिवारको मिटरब्याजबाट पीडितहरुले दिनभर प्रदर्शन र नाराबाजी गरेका थिए ।

# ज्यान मार्ने उद्योगमा एकै परिवारका पाँच जना पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले ज्यान मार्ने उद्योगमा संलग्न रहेको आरोपमा बुधबार साँझ एकै परिवारका पाँच जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ घर भई हाल राजविराज नगरपालिका ८ बसोवास गर्दै आइरहेका ३३ वर्षिय धनविर साह, उनका २२ वर्षिया श्रीमती सरिता, २५ वर्षिया साली रन्जु, २२ वर्षिया साली अर्चना र ५५ वर्षिया सासु अमेरिका देवी छन् ।

बिहीबार सप्तरी जिल्ला अदालतबाट ज्यान मार्ने उद्योग मुद्दामा म्याद थप गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

प्रहरीका अनुसार असार १४ गते बिहान ६ बजेतिर बलान बिहुल गाउँपालिका ८ घर भई हाल राजविराज नगरपालिका ८ मै बसोवास गर्दै आएका बिजय यादवको पत्नि संजु, छोरी पिंकी र किरणमाथी साह परिवारले सांघातिक आक्रमण गरेका थिए । घरेलु हतियारले टाउको लगायत शरीरको संवेदनशिल अंगमा प्रहार गरेपछि गम्भिर घाइते भएका उनीहरु अहिले पनि उपचारकै क्रममा रहेको प्रहरीको भनाई छ ।

गम्भिर घाइते भएकाहरुको तर्फबाट संजुका श्रीमान् बिजय यादवको जाहेरीले बादी नेपाल सरकारकोतर्फबाट चलाइएको ज्यान मार्ने उद्योग शिर्षक मुद्दामा पक्राउ परेका उनीहरुलाई हिरासतमा राखी आवश्यक अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।




यस्तै अदालतबाट चोरी नकबजनी मुद्दामा कैद सजाय तोकि फरार रहेका एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ निवासी २० वर्षिय लालदेव सदा छन् ।

सोही वडा निवासी सतिश यादवको हार्डवेयर पसलमा १ लाख भन्दा बढीको मालसामान चोरी गरेको आरोपमा सप्तरी जिल्ला अदालतबाट २०७७ कात्तिक २५ गते उनलाई ३ वर्ष कैद र ३० हजार जरिवानाको फैसला भएको थियो ।

उनलाई गाउँघरमै लुकिबसेको अवस्थामा अघिल्लो दिन शनिबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए । आइतबार उनलाई कैद भुक्तानका लागि कारागार चलान गरिएको छ ।

सदाले यादवको पसलबाट १ लाख ६९ हजारको सरसामान चोरी गरेको अनुसन्धानको क्रममा खुलेको प्रहरीको भनाइ छ ।

# यौन दुर्व्यवहार गरेको ठहर गर्दै शिक्षकलाई कैद सजाय र जरिवाना

**राजविराज**/सप्तरी जिल्ला अदालतले बुधबार एक शिक्षकलाई आफ्नै विद्यालयमा अध्ययनरत छात्रालाई यौन दुर्व्यवहार गरेको ठहर गर्दै कैद सजाय र जरिवाना तोकेको छ ।

जिल्लाको सुरुङ्गा नगरपालिका २ स्थित जनता आधारभूत विद्यालय भेडिया, हर्दियामा अध्यापनरत शिक्षक बोदे बसाईन नगरपालिका १० का ४० वर्षीय पशुपतिकुमार यादवलाई जिल्ला न्यायाधीश प्रमेश पोखरेलको इजलासले तीन महिना कैद र १० हजार रुपियाँ जरिवानाको सजाय तोकेको हो ।

चौध वर्षीया बालिकामाथि यौन दुर्व्यवहार गरेको ठहर गर्दै अदालतले २० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसलासमेत गरेको छ । अर्को आरोपित शिक्षक सिरहा लहान नगरपालिकाका ३५ वर्षीय रामकृष्ण यादवले सफाइ पाएका छन् ।

आरोपितहरूले २०७५ चैतदेखि यौन दुर्व्यवहार गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय कडरबोना, सप्तरीमा २०७५ जेठ २६ गते उजुरी दिएका थिए । सप्तरी जिल्ला अदालतको आदेशमा आरोपित पशुपति २०७५ असार २२ गते पूर्पक्षका लागि ६५ हजार रुपियाँ धरौटी राखी पूर्पक्षका लागि तारेखमा रिहा भएका थिए ।

अदालतमा २०७६ जेठ २४ गते हाजिर भएका अर्को आरोपित रामकृष्ण पनि ६५ हजार रुपियाँ धरौटी राखी पूर्पक्षका लागि तारेखमा रिहा भएका थिए ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्रिय स्वास्थ्य सुरक्षाको लागी आधुनिक चिकित्सा शिक्षा र अनुसन्धान आवश्यक



डा महेन्द्रप्रसाद भट्ट

मानव सभ्यता पछाडिको विज्ञानको महत्व आज विश्वले महसुस गरेको सत्य हो। युद्ध र शान्तिका बेला मानवको व्यक्तिगत तथा जातीय स्वभाव उसँग पूर्वतयारीमा सञ्चित भएको आकस्मिक तथा रक्षात्मक उर्जाले निर्वाह गर्ने गरेको भूमिका प्रथम र दोस्रो विश्वयुद्धको इतिहासले देखाउँछ। पूर्व विश्वयुद्धहरुको एक मानव सभ्यता बीचको आन्तरिक तथा अन्तरदेशीय समूहको अन्तरद्वन्द्व थियो भने वर्तमान महायुद्ध सम्पूर्ण मानव जातीको कोभिड-१९ ग्लोबल वार निम्त्याउने सार्सकोभ-२ भाइरस यसका भेरियन्ट जस्तै भविष्यमा आउने जैविक महामारीसँगको हो। बिगतका परम्परागत युद्धहरुमा मानब-मानबबीच प्रयोग गरिएका अस्त्रहरुमा विज्ञानकै देनको रुपमा भौतिक तथा रासायनिक अस्त्रहरु साथै नगन्य रुपमा केही जैविक हतियार समेत प्रयोग भएको पाइन्थ्यो।

कोभिड-१९ जैविक युद्ध अथवा जैविक प्रकोप जस्ता जोखिमविरुद्ध राष्ट्रिय स्तरको शून्य पूर्वतयारी तथा विकसित राष्ट्रहरुको पूर्वतयारीमा अधिक विश्वास तथा प्रमाणमा आधारित वैज्ञानिक सभ्यता र जीवनशैलीका आधारभूत सिद्धान्तको हेल्वेक्रयाईले आज हाम्रो ब्रह्माण्ड नै खतरामा पुगेको छ। साथै भौतिक रुपमा राष्ट्र जति नै शक्तिशाली भए पनि सम्पूर्ण विश्वको लागि हामी अस्त्रविहिन भएर लुकेर बस्ने परिस्थितिको सिर्जना भएको छ। हाम्रो भाग्य हो कि हाम्रो समाज र भूगोलमा यो खतरा प्रस्फुटन नभई समयमै अन्य मुलुकबाट यसको पूर्व जानकारी आयो। तथापि सम्पूर्ण विश्व निरिह भएको बेला नत सुरक्षाको प्रत्याभूति नै थियो, नत परस्पर सहयोगको सम्भावना नै। सायद हाम्रो जीवनशैलीमा प्राकृतिक रुपमा केही आधारभूत विज्ञानको अभ्यास होला जसले गर्दा यो समयमा हामी केही हदसम्म सुरक्षित हुनसक्ने आधारहरु नभएको पनि हैनन्। वैज्ञानिक जीवनशैलीको अभ्यास वास्तविक ईश्वरीय उर्जा हो। जहाँ सबै वैकल्पिक शक्ति सुरक्षित तथा संरक्षित गर्नमा महत्वपूर्ण भूमिका निभाउन सक्छन्। विज्ञान र आध्यात्मको समान संरक्षित वास्तविक सिद्धान्त हो ऊर्जा तथा आत्मा नत बनाउन सकिन्छन तन नष्ट गर्न नै सकिन्छ, मात्र यसको रुप परिवर्तन हुनसक्छ। तदअनुसार विज्ञानमा जीव रसायन शास्त्रका सिद्धान्तहरुको आधारमा जीवनशैली चलिरहन्छ भने जनस्वास्थ्य र चिकित्साशास्त्रका आधारभूत सिद्धान्तहरुको आधारमा मानव जीवनशैलीमा आउने जोखिम निवारण तथा नियन्त्रण गर्ने मौका मिल्दछ।

राज्यले वर्तमान परिप्रेक्षमा कार्यान्वयन गर्न सकेको रणनीति समयानुकुल प्रशंसनिय भए पनि वैज्ञानिक नभएको देखिन्छ। साथै हाम्रो राष्ट्रिय स्वास्थ्य सुरक्षामा सम्पूर्ण नागरिकको धैर्यताको मुख्य भूमिका देखियो। सम्पूर्ण देशबासीले गर्नुपर्ने आजको प्रश्न हो :जसरी राष्ट्र र राष्ट्रियताको भौतिक तथा सामाजिक सुरक्षाको लागि रक्षा तथा गृह प्रशासन कटिबद्ध रुपमा सेवामा छ, के हाम्रो राष्ट्रिय स्वास्थ्य सुरक्षा समिति तथा कार्यसूची वर्तमान कोभिड-१९ तथा कोभिड-१९ भेरियन्ट जस्ता सम्भावित खतरा तथा प्रकोपहरुकोविरुद्ध कतिको तयारी अवस्थामा स्थापित थियो ? अथवा आगामी रणनीतिक योजना के बन्दैछ र के बन्नुपर्छ ? हाम्रो जनस्वास्थ्य स्तरको पूर्वतयारी के थियो र के हुनुपर्थ्यो केही तयारी पक्कै पनि थियो, तर त्यसको अभ्यासको प्रतिफल समयमा आउन नसक्नुले हामीलाई धेरै पाठ सिकाएको छ। कोभिड-१९ तथा कोभिड-१९ का दुरगामी असरहरुसँगै यसबाट सिर्जना हुने सम्भावित खतराहरु अथवा यस्तै खालका नयाँ सम्भावित जोखिमहरुसँग लड्न विश्वभरका मुलुकहरुले केही पाठ सिक्दैछन्। हामीले पनि सिक्नै पर्छ। समाज, मुलुक र राष्ट्रिय सुरक्षाको प्राथिमिकता मानव सुरक्षा हो भने मुलुकमा मानव सुरक्षाको प्राथमिकता नागरिक स्वास्थ्य सुरक्षा हो। तसर्थ, यो बेला सम्पूर्ण देशवाशीले जीवनशैलीमा विज्ञानको आधारभूत सिद्धान्तलाई अंगाल्दै राष्ट्रिय जनस्वास्थ्यका मूल्य र मान्यतालाई अनुसरण गरी निश्चित रुपमा राष्ट्रिय स्वास्थ्य सुरक्षा सुनिश्चित हुन सक्छ। अहिले को संकट परास्त हुदैछ भन्ने आत्मविश्वास लिएर हामी अगाडी बढेका छौ।

तसर्थ, सामाजिक स्वास्थ्य संकटको घडीमा लड्न र कोभिड-१९ सँगै यसबाट सिर्जना हुने सम्भावित खतराहरु अथवा यस्तै खालका नयाँ सम्भावित जोखिमहरुसँग लड्न हाम्रो समाज तथा मुलुकहरुले निम्नानुसार सुझाव सहितका केही आधारभूत रणनीति बनाएर अगाडि बढ्नु आजको आवश्यकता हो।

**राष्ट्रिय स्वास्थ्य सुरक्षा एजेन्डा:**

आधुनिक स्वास्थ्य तथा चिकित्सा विज्ञान विश्वव्यापीरुपमा स्तरीकृत स्वास्थ्य प्रणालीको सिद्धान्तकासाथ अग्रसर भइरहेको बेलामा कोभिड-१९ प्रकोपले विश्व स्वास्थ्य व्यवस्थामा ठूलो चोट पुर्याएको छ। स्तरीकृत स्वास्थ्य प्रणाली भन्नाले विशिष्टरुपको स्वास्थ्य प्रणाली, विशेष स्वास्थ्य तथा चिकित्सा सेवा बुझाउँछ। स्तरीकृत चिकित्साले विशिष्ट रुपमा बिरामीहरूको विशेष समूहहरूको लागि प्रभावकारी उपचारहरू पहिचान गर्न र विकास गर्न अनुमति दिन्छ र यसको विकास क्रमिक रुपमा मुलुकमा प्रयोगमा ल्याउनुपर्छ। तसर्थ, हाम्रो मुलुकमा समयमै नागरिक सुरक्षाको आवश्यकतालाई सम्बोधन गर्न राष्ट्रिय स्वास्थ्य प्रणालीको विकास,स्वास्थ्य विज्ञान शिक्षाको विकाससँगै सम्भव हुनसक्छ र यसप्रति सम्बन्धित निकायहरुको ध्यान जान जरुरी देखिन्छ। यस संकटको घडीले हामीलाई सिकाएको यही हो कि स्वास्थ्य आपतकाल व्यवस्थापन राष्ट्रको स्वास्थ्य प्रणालीको विशाल पर्खालको रुपमा विकसित गरिनुपर्ने मुख्य विषयहरूमध्ये एक हो। यसबाहेक वर्तमान व्यवस्थालाई परिमार्जन तथा विकसित गरी स्वास्थ्य आपतकालीन तयारी र प्रतिक्रिया राष्ट्रिय स्वास्थ्य सुरक्षा एजेन्डा वा सम्बन्धित ऐनमार्फत निर्धारित हुनुपर्दछ। विश्वव्यापी रुपमा प्रयोग भए जस्तै हाम्रो मुलुकमा पनि एनएचएसएले बहु-क्षेत्रीय संलग्नतालका साथ राष्ट्रिय स्वास्थ्य सुरक्षा क्षमतामा अपर्याप्तताहरूलाई सम्बोधन गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ। स्वास्थ्य अथवा रक्षा मन्त्रालयले उपरोक्त एनएचएसएको नेतृत्व गर्न सक्छन। साथै नेतृत्वले विभिन्न क्षेत्रका साझेदारहरूसँग आवश्यक संलग्नताहरू प्रस्ताव गर्न सक्छ जस्तैः शिक्षा, रक्षा, सुरक्षा, अर्थ, वातावरण, कृषि, खाद्य, पशुस्वास्थ्य, विपत्ति व्यवस्थापन, सीमा नियन्त्रण, कानून प्रवर्तन, अनुसन्धान, प्रविधि, राष्ट्रिय/अन्तर्राष्ट्रिय संगठनहरू, र निजी क्षेत्रहरू त्यसैले यस्ता उच्च स्वास्थ्य जोखिमविरुद्ध एनएचएसएको बहु-क्षेत्रीय सक्रिय कार्यदल

*बाँकी चार पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सखडा, सप्तरी**



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

*राष्ट्रिय स्वास्थ्य ...*

गठन गरी कार्यान्वयन गर्ने यो सही समय पनि हो । यसले हाम्रो मुलुकमा संयुक्त राष्ट्र संघ, युएनडीपीले अघि सारेको मानव सुरक्षा एजेन्डालाई समेत सम्बोधन गर्नेछ । संयुक्त राष्ट्र संघका अनुसार मानव सुरक्षा भन्नाले बहुक्षेत्रीय, व्यक्ति-केन्द्रित, व्यापक, सन्दर्भ-विशिष्ट र रोकथाम उन्मुख दृष्टिकोणका माध्यमबाट सहयोगी, उत्तरदायी र दिगो उपायहरूको माध्यमबाट गरिने देशको सुरक्षालाई जनाईएको छ । यसले एक हाइब्रिड दृष्टिकोण प्रयोग गर्दछ जसले सुरक्षा र सशक्तीकरण ढाँचामार्फत यी तत्वहरूलाई एक साथ ल्याउँछ । सन १९९४ को युएनडीपी मानव विकास रिपोर्टको आधारमा मानव सुरक्षाको सम्भावित खतराहरूमा आर्थिक, खाद्य, स्वास्थ्य, पर्यावरण, व्यक्तिगत, समुदाय र राजनीतिक सुरक्षालाई मानिएको छ । जोखिम अथवा असुरक्षाहरूलाई सम्बोधन गर्दा मानव सुरक्षालाई जोखिमको रूपमा परस्पर सुदृढ पार्ने र दुई तरिकामा आपसमा जोडिएको छ । सर्वप्रथम, तिनीहरू एक डोमिनो प्रभावमा एक अर्कासँग जोडिएका हुन्छन जसमा प्रत्येक खतराले एक अर्कामा फिड गर्दछ । त्यसैले हालसालैको संक्रामक रोगको प्रकोप र इबोला भाइरस, कोरोना भाइरस (कोभिड-१९) जस्ता महामारी सम्बन्धी सम्भावित प्रकोप जस्ता खतराहरूलाई रोक्नको लागि एनएचएसए सक्रिय पार्ने र सामान्य प्रचलित रोगहरू र अन्य प्राकृतिक प्रकोपहरू व्यवस्थापन गर्न यो उपयुक्त समय हो । तसर्थ, राष्ट्रिय महत्वको सार्वजनिक स्वास्थ्य घटनाहरूको पहिचान गर्न र प्रतिक्रिया दिन नागरिक स्वास्थ्य र राष्ट्रको क्षमता सुधार गरी एनएचएसएमार्फत आपतकालिन तयारी गरिनुपर्छ । जस अन्तर्गत नयाँ रोगहरूको प्रकोपप्रति तत्परता, केमिकल वा रेडियोलजिकल एजेन्ट, सार्वजनिक स्वास्थ्य जोखिम वा सामूहिक हताहतको घटना लगायत मानवीय जोखिम विश्व स्वास्थ्य संगठनमार्फत विश्वव्यापी रूपमा जानकारी दिन सहज हुनेछ । ग्लोबल हेल्थ सिक्यूरिटी एजेन्डा ( जीएचएसए) सबै देशहरूमा स्वास्थ्य सुरक्षा क्षमताको निर्माण र दिगो बनाउन देशहरूको एक अन्तर्राष्ट्रिय फोरमको रूपमा स्थापित छ । हाल ६७ देशहरू जीएचएसए २०२४ फ्रेमवर्कमा संलग्न छन् ।

जीएचएसए २०२४ ले बहु-क्षेत्रीय दृष्टिकोण, अन्तर्राष्ट्रिय मानव र पशुस्वास्थ्य मापदण्डको पालना गर्ने, विश्वव्यापी स्वास्थ्य सुरक्षामा अन्तर र प्राथमिकताहरू पत्ता लगाउने र सम्बन्धीत क्षेत्रहरूको लागि विश्वव्यापी स्वास्थ्य सुरक्षा प्रयासहरूको लागि दिगो वित्त पोषण अगाडि बढाउने लक्ष्य राखेको छ । यसैले, नेपालले जीएचएसए २०२४ मा सम्मिलित हुनुपर्दछ र नयाँ नीतिहरू, वैज्ञानिक प्रगतिहरू र प्राविधिक आविष्कारहरूले कसरी स्वास्थ्य सुरक्षालाई सुदृढ पार्न र देशव्यापी नागरिक जीवन सुरक्षा सुनिश्चित पार्न एनएचएसए स्थापना गर्न आवश्यक छ । राष्ट्रिय स्वास्थ्य शिक्षा र अनुसन्धान, प्रकोप र अन्य सार्वजनिक स्वास्थ्य संकट रोक्न र प्रतिक्रिया गर्न प्रणाली सुधार गर्नका लागि निर्देशित नीति तयार हुनुपर्दछ । हामीले नीतिगतरूपमा एनएचएसएको अभ्यास गर्नुपर्दछ र विभिन्न चुनौतीहरु सम्बोधन गर्ने अभ्यास गर्नु पर्दछ । सम्भावित संक्रामक रोगहरूको विश्वव्यापी वृद्धि, महामारी फ्लूको निरन्तर जोखिम, ठूला प्राकृतिक प्रकोपहरू र जैविक दुर्घटना वा जानाजानी खतराको सम्भावनासहितका एजेण्डामा विज्ञहरू र नीति निर्माताहरूसँग राष्ट्रिय अन्तर्राष्ट्रिय सहकार्य गरी सुरक्षा एजेन्डा अगाडि बढाउन आवश्यक छ ।

वर्तमान अवस्थामा नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले पूर्वयोजना र तयारीको अभाव हुँदाहुँदै कोभिड-१९ विरुद्ध गर्न सकेको रोकथाम तथा रोग नियन्त्रण सम्बन्धी कार्य प्रशंसनिय नै छ भने सरकारी नीति अझै पनि सुस्त भएर महामारीको प्रतिक्षारत रहेको देखिएको छ । कोभिड-१९ को वर्तमान अवस्थामा हामी सुरक्षित नै रह्यौं, तर यसको उत्पादित स्वास्थ्यमा आउन सक्ने जटिलता र भावी खतरासँग लड्ने रणनीति र वैज्ञानिक प्रविधि विकास जरुरी छ । सिमित स्रोत साधनमा सिमित प्रयोगशाला विज्ञहरुको प्रयोग अझै अपूर्ण देखिन्छ । साथै उपचारको लागि सुरक्षा सामग्रीका साथ चिकित्साकर्मी र उपकरणको तयारी बलियो हुनु जरुरी छ र प्रादेशिक सरकार संगको समन्वयमा बढाउदै लानुपर्ने देखिन्छ ।

कोभिड-१९को संक्रमण, राष्ट्रिय नीति, र भावी चुनौती जस्तै चीन, कोरिया र भारतमा देखिएको पुनः संक्रमण अथवा एसिम्टोमेटिक कोभिड-१९ जस्ता चुनौतीसँग लड्नुपर्दाका चुनौतीका लागि सैद्धान्तिक रुपमै हाम्रो स्वास्थ्य नीतिमा आमुल परिवर्तन र व्यवस्थित गर्दै लैजानुपर्ने छ । कोभिड-१९ जस्ता स्वास्थ्य प्रकोपहरुको विश्वव्यापी दिगो उन्मुलनको आजको दिनसम्म कुनै संकेत फेला परेको छैन, त्यसकारण राज्यले सहज तथा वैज्ञानिक रणनीति लिई अगाडी बढ्नु जरुरी देखिन्छ ।

**राष्ट्रिय चिकित्सा विश्वविद्यालयको आवश्यकता**

प्रत्येक विकसित मुलुकको सामाजिक स्वास्थ्यको चिन्तन मनन गरी स्वास्थ्य सुरक्षाका योजनामा तथा विकासमा राष्ट्रिय चिकित्सा विश्वविद्यालयको प्राज्ञिक तथा वैज्ञानिक भूमिका रहेको हुन्छ । आधुनिक चिकित्सा पद्धतिको अनुसन्धान तथा विकासमा प्रत्यक्ष योगदान तथा आधुनिक स्वास्थ्य तथा चिकित्सा विधिहरुको अध्यन अध्यापन गरी विभिन्न विधामा उच्च शिक्षा प्रदानका साथै समय सापेक्ष दक्ष्य स्वास्थ्य कर्मीहरुको उत्पादन तथा विकासले हाम्रो समाजको स्वास्थ्य स्तरमा टेवा पुग्ने देखिन्छ । साथै समयानुकुल स्वास्थ्य विपद व्यवस्थापनमा रणनैतिक रुपले प्रमाणमा आधारित पद्धतिको समयसापेक्ष सिघ्र विकास र जनस्वास्थ्यका योजना तथा प्रविधि निर्माणमा चिकित्सा विश्वविद्यालय र त्यसका अनुसन्धानकेन्द्रहरुको मुख्य भूमिका हुन्छ ।

नेपालको तराई पहाड तथा हिमाली जडिबुटीहरुको अन्वेषण तथा औषधिजन्य पदार्थहरुको प्रवर्धन गरी अनुसन्धान, क्लिनिकल ट्रायल तथा औषधि उत्पादनमा नयाँ प्रविधिको विकासका लागि विभिन्न रोग अनुसन्धान तथा प्रविधि विकास केन्द्रहरु रहने गरी सिघ्र चिकित्सा विश्वविद्धालयको स्थापना हुन जरुरी छ । कोभिड जस्ता जैविक महामारीको आलो अनुभव सँगै स्थापना हुदै गरेको सुदुरपश्चिम कैलालीमा नेपाल सरकारको नव निर्मित मेडिकल कलेजको पुर्वाधार राष्ट्रिय चिकित्सा विश्वविद्धालयको लागि नै सुहाउदो देखिन्छ । नयाँ संस्थाहरुमा राष्ट्रिय लगानी गर्न नसकिने अवस्थामा सरकारले समयसापेक्ष उक्त पुर्वाधारलाई राष्ट्रिय चिकित्सा विश्वविद्धालयको रुपमा स्थापना गरी परम्परागत मेडिकल कलेज तथा प्रतिष्ठान भन्दा फरक ढंगले उत्कृष्ट चिकित्सा शास्त्रको केन्द्र बिन्दुको रुपमा विकसित गर्दै प्राज्ञिक तथा विभिन्न विधाका अनुशन्धान केन्द्रहरुको विकासत गर्ने रणनीतिका साथ स्वास्थ्य शिक्षा तथा सेवा क्षेत्रमा नयाँ आयाम तथा आविस्कार सँगै दुर्लव नेपाली जडिबुटी प्रसोधन तथा नया पद्धतिको विकासबाट औषि उत्पादन र विभिन्न रोग अनुसन्धानको थालनी गर्न सकिन्छ ।

**प्रयोगशाला चिकित्सा विज्ञानको व्यवस्थापन, सदुपयोग र विकासः**

प्रयोगशाला चिकित्सा बिज्ञान तथा प्रविधि आधुनिक चिकित्सा प्रणालीमा जनस्वास्थ्य सुरक्षाको मेरुदण्ड हो । प्रयोगशाला चिकित्सा वैज्ञानिक भन्नाले विश्वव्यापी रुपमा मेडिकल टेक्नोलोजिस्टदेखि प्याथोलोजिस्ट, क्लिनिकल माइक्रोबयोलोजिस्ट, क्लिनिकल बायोकेमिस्ट तथा मलिक्युलर बाईलोजिस्टलाई जनाउँछ भने सहायक वैज्ञानिक भूमिकामा ल्याब टेक्निसियन तथा ल्याब असिस्टेन्टको त्यति नै महत्वपूर्ण भूमिका हुन्छ । प्रयोगशाला चिकित्सा वैज्ञानिकहरुको चिकित्सा सेवामा रोग रोकथाम, नियन्त्रण तथा चिकित्सा अनुसन्धानमा महत्वपूर्ण भूमिका हुन्छ । रोग सम्बन्धी निदानात्मक प्रमाण, प्रत्यक्ष निगरानीमा उपचारका प्रमाणका साथै गुप्त रुपमा लुकेका रोगहरुको समयमै पहिचान गर्ने र वैज्ञानिक प्रमाण जुटाई उपचारलाई दिशा निर्देश गर्नु आधुनिक प्रयोगशाला चिकित्सा विज्ञानको मुख्य भूमिका हो ।

वर्तमान संकटको घडीमा हेर्दा सरकारी स्तरमा प्रयोगशाला चिकित्सा वैज्ञानिकहरुको संलग्नता सारै न्यून देखिए पनि सरकारले सरकारी तथा गैर सरकारी संस्थाहरुबाट सम्पूर्ण विज्ञहरुको योग्यता र आवश्यक योगदानको सही पहिचान गरेको छ र आवश्यकता अनुसार परिचालन गरिएको छ । तर कोभिड-१९ टेस्टमा विश्व स्वास्थ्य संगठनको निर्देशिका अनुरुप अपनाउनु पर्ने सुरक्षा, टेस्टको गुणस्तर निर्धारण गर्न तथा सेवाको गुणस्तर बढाउन संलग्न प्रयोगशाला चिकित्सा वैज्ञानिकहरुलाई समयमै सुरक्षा तालिम र मलिकुलर डाईग्नोसिसको तालिम दिएर पठाउने र तयारी अवस्थामा राख्नुपर्ने चुनौती देखियो । उक्त तालिम व्यक्तिगत प्रशिक्षण तथा अनलाइन प्रशिक्षण, दुवै मोडेलमा गर्न सकिन्छ । साथै उक्त तालिम प्रदान गर्न स्वास्थ्य मन्त्रालय अन्तर्गत नेपाल स्वास्थ्य व्यवसायी परिसद, नेपाल स्वास्थ्य अनुसन्धान परिषद, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको मुख्य भूमिका हुनसक्छ ।

प्रयोगशाला चिकित्सा विज्ञानको भूमिका वर्तमान परिस्थितिमा त जरुरी देखियो नै, आगामी दिनहरुमा यसको अझै बढी जिम्मेवारी बढ्दै जानेछ । चाहे व्यक्ति अथवा समाजमा रोगको पहिचान होस् या उपचारको निगरानीमा होस्। अथवा रोगबाट उत्पन्न हुने शारीरिक तथा सामाजिक जटिलताको रोकथाम तथा अनुसन्धान होस्, वैज्ञानिक आधारहरुको खोजी तथा समाधानका उपायहरु सबै प्रयोगशाला पद्धतीद्वारा नै सम्भव हुनेछन् । तसर्थ, स्वास्थ्य मन्त्रालयले वर्तमान व्यवस्थालाई परिमार्जन गरी यथासिघ्र प्रयोगशाला चिकित्सा विभाग स्थापना गरी मुलुकको प्रयोगशाला चिकित्सा सेवालाई प्रभाबकारी बनाउन सकिन्छ । मुख्य रुपमा उक्त विभाग अन्तर्गत देश भरिका राष्ट्रिय तथा प्रादेशिक, सरकारी तथा गैर सरकारी प्रयोगशालाहरुको नियमन, प्रत्यायन, नियन्त्रण, गुणस्तर मुल्यांकन, अनुगमन, तालिम, स्तर निर्धारण तथा व्यवस्थापनको कार्ययोजना लागुगर्न सकिने छ । साथै प्रयोगशाला चिकित्सा विभागले प्रयोगशाला जाँचका लागि प्रयोग गरिने हजारौ उपकरण, रसायन, तथा सामग्री आपूर्तिको प्रत्यायन तथा गुणस्तर मापन गरी व्यवस्थित गर्न जरुरी देखिन्छ ।

**राष्ट्रिय स्तरमा आधारभूत चिकित्सा सामग्रीको उत्पादन र विकासमा सरकारी सहजीकरणको आवश्यकताः**

कोभिड-१९को महामारी हाम्रो राष्ट्र र राष्ट्रियताले सिक्नुपर्ने अर्को जरुरी पाठ हो आत्मनिर्भरता । कोभिड-१९ महामारीबाट जोगिन, यसको जाँच गर्न प्रयोग हुने प्रयोगशाला सामग्री किन्न समेत नपाउने अवस्था सिर्जना भएको र आगामी दिनमा कुन संकट हुन्छ भन्ने अन्दाज गर्न नसकिने अवस्थालाई ध्यानमा राखी हामीले परनिर्भरतालाई त्यागी सके जतिको आत्मानिर्भरतालाई अपनाउनु पर्ने देखिन्छ ।

सन्दर्भ, आधारभूत स्वास्थ्य सामग्रीको आपतकालीन अभावमा पनि हामी परनिर्भर भएर बस्नु परेको पिडालाई सम्झिँदा हाम्रा पूर्वनीतिहरु राष्ट्र स्वास्थ्य सुरक्षाको हितमा देखिदैनन् । स्वास्थ्य सेवामा अत्यावश्यक सामग्रीहरु जस्तै सिरिन्ज, कटन, ग्लोव, मास्क स्वदेशी भन्दा आयात गर्दा सस्तो पर्ने नीतिको अन्त हुनु जरुरी छ । यस्ता उत्पादनहरुलाई करको दायाराबाट खुकुलो पारी विशेष अनुदानको व्यवस्थाका साथ बिस्तारै विकसित गर्दै लैजान जरुरी देखिन्छ । यसले गर्दा हाम्रा राष्ट्रिय उत्पादनहरु उत्कृष्ट हुँदै जाने छन् । कुनै दिन हामी पनि उत्पादनहरु निर्यात गर्न सक्षमत हुनेछौ भने आत्मनिर्भर भई आफ्नो नागरिक स्वास्थ्यको सुरक्षा गर्न सफल हुनेछौं । तसर्थ, बायोमेडिकल क्षेत्रमा देशको तथा विदेशमा बसेका नेपाली जनशक्ति पर्याप्त देखिन्छ । साथै, नेपालको प्राकृतिक श्रोत र दक्ष नागरिकहरुको संलग्नतामा रोग अनुसन्धान तथा औषधि अनुसन्धान र उत्पादन क्षेत्रको लगानीमा बढावा दिनुपर्ने देखिन्छ ।

**राष्ट्रिय चिकित्सा अनुसन्धान केन्द्रको यथासिघ्र स्थापनाको आवश्यकताः**

वर्तमान अवस्था कोभिड-१९को महामारी सगै स्वास्थ्य तथा चिकित्सा शास्त्रसम्बन्धी अध्ययन अनुसन्धानको महत्वलाई ध्यानमा राखेर स्वास्थ्य मन्त्रालय अन्तर्गत राष्ट्रिय चिकित्सा अनुसन्धान केन्द्रको यथासिघ्र आवश्यकताको अनुभूति भएको छ । कोभिड-१९ लगायत कोरोना संक्रमणबाट स्वास्थ्यमा आउने विभिन्न डरलाग्दा सम्भावित असर तथा अन्य मौसमी सरुवा रोगहरु तथा नसर्ने रोगसम्बन्धी सिघ्र अध्ययन अनुसन्धानका लागि राष्ट्रियस्तरमा अनुसन्धान केन्द्रहरु प्रत्येक राष्ट्रमा स्थापित भएको पाइन्छ। हाम्रो मुलुकमा पनि यो अति आवश्यक छ । राष्ट्रिय चिकित्सा अनुसन्धान केन्द्रको मूल उद्देश्य विभिन्न रोगहरुमा तथा स्वास्थ्य संकट अनुसन्धान गरी उक्त रोगको रोकथाम तथा उपचार सम्बन्धी नयाँ आयाम ल्याउन सक्नेछ । साथै चिकित्साका नयाँ सरल प्रणालीहरु पत्ता लगाउने र स्वदेशमै प्रयोग गर्न सक्नेछ। यसले नेपालमा पाइने प्राकृतिक श्रोतहरु प्रयोग गरी विभिन्न रोगविरुद्ध औषधि अनुसन्धान गरी उत्पादनलाई प्रोत्साहन समेत गर्न सक्नेछ । साथै नयाँ मोडेलको अस्पतालका पूर्वाधारहरु, रोग रोकथामका जनस्वास्थ्य नीति, चिकित्सा सम्बन्धी उपकरण तथा चिकित्सा प्रयोगशाला सम्बन्धी नयाँ प्रविधिमा निरन्तर अध्ययन अनुसन्धान गर्न सक्ने छ ।

उक्त अध्ययन अनुसन्धानका निम्ति देशमा विज्ञहरु पर्याप्त हुनेछन् भने विदेशमा रहेका विज्ञहरुलाई समेत यसले आकर्षण गर्न सक्ने छ । साथै राष्ट्रिय अनुसन्धान केन्द्रहरु तथा विकसित देशहरुका तथा अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्रहरुसँग समन्वय गरी प्रविधि स्थानान्तरण गर्दै चिकित्सा क्षेत्रमा यसले महत्वपूर्ण भूमिका खेल्नेछ । उक्त उद्देश्य प्राप्तिका लागि नेपालका चिकित्सा विज्ञान सम्बन्धी विज्ञहरु जस्तैः जनस्वास्थ्य विज्ञ, चिकित्सा प्रयोगशाला विज्ञ, बायोमेडिकल इन्जिनियर, चिकित्सक, बायोकेमिस्ट, माइक्रोबायोलोजिस्ट, बायोटेक्नोलोजिस्ट, फर्मासीस्ट, रेडियोलोजिस्ट साथै भौतिकशास्त्री, गणितशास्त्री, रसायनशास्त्री, जीवशास्त्री, मेकानिकल तथा इलेक्ट्रोनिक इन्जिनियर, इकोनोमिस्ट र व्यापारशास्त्रीहरुको महत्वपूर्ण संयुक्त योगदान जरुरी छ ।

**चिकित्सा विकासमा फ्युजन प्रविधि आफ्नै चिकित्सा सेवा र अनुसन्धानको आवश्यकताः**

विश्वव्यापी रुपमा आधुनिक चिकित्सा विज्ञानको सफलता प्रत्यक्ष रुपमा प्रयोगशाला विज्ञानसँग जोडिएको चिकित्सा क्षेत्रमा प्रदान गरिने हरेक नोवेल पुरस्कारले प्रमाणित गरिरहेको हुन्छ । साथै आधुनिक चिकित्सा सेवा र चिकित्सा विज्ञानको विकास फ्युजन प्रविधिमा आधारित हुन्छ । यहाँ फ्युजन प्रविधि भन्नले विभिन्न प्रविधिहरु जसको सामूहिक प्रयासबाट चिकित्सा विज्ञानका अनुसन्धान र आविस्कारहरु सम्भव हुन सक्छन् । जस्तैः कोभिड-१९ टेस्ट गर्न प्रयोग गरिने पीसीआर उपकरण बनाउन र यसको प्रयोग गर्न आवश्यक प्राविधिज्ञहरुमा चिकित्सा प्रयोगशाला वैज्ञानिक, बायोमेडिकल इन्जिनियर, चिकित्सक, बायोकेमिस्ट, माइक्रोबायोलोजिस्ट, बायोटेक्नोलोजिस्ट, साथै भौतिकशास्त्री, गणितशास्त्री, रसायनशास्त्री, जीवशास्त्री, मेकानिकल तथा इलेक्ट्रोनिक इन्जिनियर, इकोनोमिस्ट र व्यापारशास्त्रीहरुको महत्वपूर्ण योगदान रहेको हुन्छ । तसर्थ, हाम्रो मुलुकमा पनि नीतिगत रुपमा चिकित्सा सेवाको अभ्यास तथा अनुसन्धानमा फ्युजन प्रविधिको सिद्दान्तको प्रयोग हुनु जरुरी देखिन्छ । जसको आधारमा चिकित्सा सेवा विकास सम्भव हुन सक्छ ।

आजको कोभिड-१९ को सम्भावित संक्रमण र महामारीबाट बच्ने अहिलेको उपाय भनेकै सामाजिक दुरी कायम गर्ने, सरसफाईमा विशेष ध्यान दिने र स्वास्थ्य मन्त्रालयद्वारा निर्देशित कोभिड-१९ विरुद्धको नीति अनुसरण गर्न जरुरी छ । कोभिड-१९ जस्ता भावी चुनौतीहरुको लागि राष्ट्रिय सुरक्षा नीति पनि जरुरी छ । ( लेखक मनमोहन मेमोरियल इन्स्टिच्युट अफ हेल्थ साइन्सेज, काठमाडौंका सह-प्राध्यापक हुन् ।)स्वास्थ्य खबरबाट

# प्रथम राष्ट्रिय महिला आमन्त्रणमा कबडीको उपाधि धनुषाले जित्यो



**राजविराज**/राजविराजमा सम्पन्न प्रथम राष्ट्रिय महिला आमन्त्रण कबडी प्रतियोगिताको उपाधि धनुषाले जितेको छ ।

राजविराज नगरपालिका ८ स्थित राधाकृष्ण मन्दिर परिसरमा बुधवार सम्पन्न फाइनल खेलमा झापालाई ४४-२७ अंकको अन्तरले हराउँदै सो उपाधिमाथि जित हासिल गरेको हो ।

फाइनल खेलमा जितसँगै धनुषाले ट्रफी र नगद ५० हजार हात पारेको छ । उपविजेता झापाले नगद ३५ हजार र ट्रफीमै चित्त बुझायो ।

फाइनल खेलको ओमेन अफ द म्याच धनुषाकी विद्या साह घोषित भइन । यस्तै वेस्ट रेडर झापाकी राधिका कुँवर र वेस्ट डिफेन्डर धनुषाकी सिता साह घोषित भइन ।

आयोजित प्रतियोगितामा झापा, मोरङ, सुनसरी, उदयपुर, धनुषा र सप्तरीका गरी कुल छ टिमको सहभागीता रहेको थियो ।

प्रतियोगिता समाप्ती पछि जिल्ला कबडी संघका अध्यक्ष धिरेन्द्र वर्माको अध्यक्षतामा आयोजित पुरस्कार वितरण समारोहमा प्रमुख अतिथी राजविराज नगरपालिकाका मेयर भिमराज यादव, प्रतियोगिता मुल व्यवस्थापन समितिका संयोजक एवम् अखिल नेपाल कबडी संघका कोषाध्यक्ष अरविन्द झा, सचिव रतिया राजवंशी, जिल्ला उपाध्यक्ष अखिलेश झा लगायतले विजेता उपविजेतालाई पुस्कार वितरण गरेका थिए ।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने व्यक्तिको आफ्नो व्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु व्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**
MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## अन्तर्राष्ट्रिय समाचार

### जापानका पूर्वप्रधानमन्त्री आबेको निधन

**टोकिया**/गोली प्रहारबाट गम्भीर घाइते भएका जापानका पूर्वप्रधानमन्त्री सिन्जो आबेको निधन भएको छ । जापानको पश्चिमी शहर नारामा आयोजित कार्यक्रमलाई सम्बोधन गरिरहेका बेला शुक्रबार बिहान उहाँ माथि गोली प्रहार भएको थियो । नारास्थित अस्पतालको सघनकक्षमा उपचाररत उहाँको निधन भएको सञ्चार माध्यमले जनाएका छन् । यसै बीच प्रहरीले गोली प्रहार गर्ने व्यक्तिलाई नियन्त्रणमा लिएर अनुसन्धान जारी राखेको छ । यसैबीच जापानका पूर्वप्रधानमन्त्री शिन्जो आबेमाथि शुक्रबार नारा शहरमा चुनावी प्रचारका क्रममा गोली प्रहार गरि हतया भएको घटनाप्रति विश्वका नेताहरूले निन्दा गर्दै त्यसलाई अक्षम्य भनेका छन् । एजेन्सी

### सिन्जो आबे : जापानी 'जनताका राजकुमार'

**काठमाडौँ**/जापानका लोकप्रिय नेता सिन्जे आबेको शुक्रबार गोली प्रहारबाट निधन भएको छ । जापानमा सबैभन्दा लामो समय प्रधानमन्त्री बन्नु भएका आबे आम नागरिकका बीचमा निकै लोकप्रिय नेता हुनुहुन्थ्यो । दु:खमा जनतालाई नजिकबाट साथ दिने नेताको छवि बनाउनु भएका आबेले आफ्नो कार्यकाल बाँकी रहँदै राजीनामा दिनुभएको थियो । आफ्नो अस्वस्थताका कारण पर्याप्त काम गर्न नसकेको भन्दै उहाँले आफ्नो जिम्मेवारीप्रति इमान्दार हुँदै राजीनामा दिनुभएको थियो । राजनीतिमा प्रत्यक्ष भूमिकामा नदेखिने निर्णय गर्नुभएका लिबरल डेमोक्रेटिक पार्टीका नेता आबेले आफ्नो पार्टीलाई विजयी गराउन चुनावीसभामा सम्बोधन गरिरहेका बेला जिन्दगीबाटै बिदा लिनुपरेको छ। आगामी आइतबार हुने माथिल्लो सदनको निर्वाचनका लागि देशको पश्चिमी क्षेत्रमा पर्ने नारा सहरमा चुनावीसभालाई सम्बोधन गरिरहेका बेला अज्ञात व्यक्तिको गोली प्रहारबाट उहाँको निधन भएको हो । सन् १९५४ मा जन्मिनु भएका आबेको ६७ वर्षको उमेरमा निधन भएको हो । उहाँले सेइकेइ विश्वविद्यालयबाट सन् १९७७ मा स्नातक गर्नुभएको थियो । त्यसपछि उहाँले सन् १९७९ मा जापानकै नेतृत्वदायी स्टील उद्योग 'कोबे स्टील'मा काम गर्नुभएको थियो ।

राजनीतिमा भने उहाँ सन् १९८२ मा तत्कालीन विदेश मन्त्रीको सहयोगी भएर प्रवेश गर्नुभएको थियो । उहाँ सन् १९९३ देखि निरन्तर नौ पटक सांसद हुनुभएको थियो । उहाँले पार्टीमा सामाजिक मामिला विभागको निर्देशक र महासचिवको जिम्मेवारी निर्वाह गर्नुभएको थियो भने सरकारी भूमिकामा मन्त्रिपरिषद्को उप प्रमुख सचिव र प्रमुख सचिव भएर काम गर्नुभएको थियो । मन्त्रिपरिषद्मा भने २००५ मा उहाँले पहिलो पटक सहभागी हुने मौका पाउनुभएको थियो । उहाँ पहिलो पटक सन् २००६ मा प्रधानमन्त्रीमा निर्वाचित हुनुभएको हो । त्यतिबेला उहाँ जापानकै सबैभन्दा कम उमेरका प्रधानमन्त्री बन्नुभएको थियो । अस्वस्थताका कारण त्यो कार्यकाल उहाँको २००७ सम्म मात्रै रह्यो । आन्द्राको समस्या देखिएपछि उहाँले प्रधानमन्त्रीबाट राजीनामा दिनुभएको थियो त्यसपछि निको भएर फेरि राजनीतिमा फर्किनु भएका आबे आफ्नो पार्टीलाई अत्यधिक मतका साथ विजयी गराएपछि सन् २०१२ देखि २०२० सम्म निरन्तर जापानको प्रधानमन्त्री बन्नुभयो । उहाँले पछिल्लो पटक पनि कार्यकाल बाँकी रहेकै बेला अस्वस्थताका कारण सन् २०२० को अगस्ट २४ मा प्रधानमन्त्री पद स्वेच्छाले त्याग्नुभएको थियो । आबेले आफ्ना विश्वास पात्र तथा निकटतम सहयोगी योशिहिदे सुगालाई आफ्नो उत्तराधिकारी बनाउनुभएको थियो । आफ्नो मौलिक आर्थिक रणनीति र कट्टर राष्ट्रवादी नीतिका कारण उहाँको छुट्टै पहिचान बनेको थियो । उहाँको राष्ट्रवादी धारका कारण उहाँ चीन र दक्षिण कोरियासँग सुमधुर सम्बन्ध कायम गर्न सक्नुभएको थिएन । राजनीतिक विरासत बोकेको परिवारका सदस्य भई जनताका बीचमा लोकप्रिय रहेकाले उहाँलाई 'जनताका राजकुमार'को उपमा पनि दिइएको थियो । उहाँका बुवा शिनतारो आबे जापानको विदेश मन्त्री बन्नुभएको थियो भने हजुरबुवा नोबुशुके किशी प्रधानमन्त्री हुनुहुन्थ्यो । एजेन्सी

### चिनियाँ चेलीलाई थप बच्चा जन्माउन प्रोत्साहन भत्ता

**बेइजिङ**/राष्ट्रको जनसङ्ख्या बढाउन र देशको श्रमशक्तिमा योगदान गर्न चीन सरकारले महिलाहरूलाई थप बच्चा जन्माउन प्रोत्साहन गरेको छ । देशमा गम्भीर जनसाङ्ख्यिक सङ्कट उत्पन्न हुन नदिन सरकारले विवाहित दम्पतिलाई कर र आवास ऋृण, शैक्षिक लाभलगायत नगद प्रोत्साहन उपलब्ध गराएको हो । गत वर्षको अन्त्यमा चिनियाँ मुख्य भूमिको जनसङ्ख्या एक अर्ब चालीस करोड १३ रहेको र नवजात शिशुको सङ्ख्या एक करोड ६२ लाखमा झरेको ग्लोबल टाइम्सले जनाएको छ। नवजात शिशु र कालगतिले मर्ने चिनियाँ नागरिकको सङ्ख्या हाराहारीमा रहेको उक्त पत्रिकाले छापेको छ । दशकौंसम्म चिनियाँ कम्युनिष्ट पार्टीले आफ्नो एक बच्चा नीतिलाई कडाइका साथ कार्यान्वयन गरेको तथा महिला अधिकारको दमनले जन्म नियन्त्रण गर्न बाध्य दम्पतिले अब तीनवटासम्म सन्तान जन्माउन पाउने भएका छन् तर विवाहित जोडी नयाँ सुविधा र प्रोत्साहन भत्ताप्रति खासै आकर्षित भएका छैनन् । एक महिला उक्त सुविधाबाट वञ्चित छन् । चिनियाँ महिलाहरूको बढ्दो शैक्षिक र आर्थिक विकासका कारण उनीहरूको विवाह गर्ने प्रवृत्ति पनि पुरुषको तुलनामा कम छ गत वर्ष, बेइजिङले नयाँ जनसङ्ख्या र परिवार योजना कानून जारी गऱ्यो जसले चिनियाँ दम्पतीहरूलाई तीनवटा बच्चा जन्माउन अनुमति दिए पनि भरणपोषणलगायत अभिभावकीय जिम्मेवारी बहनका निम्ति बढ्दो लागतका कारण थप बच्चा जन्माउने चाहना उनीहरूमा नरहेको बताइएको छ । एजेन्सी

# सप्तरीले जित्यो महेन्द्र नारायण निधी कप



**राजविराज**/राजविराजमा सम्पन्न प्रथम महेन्द्र नारायण निधी प्रदेश स्तरिय टि-ट्वान्टी कप क्रिकेट प्रतियोगिताको उपाधी सप्तरीले हात पारेको छ ।

राजविराजस्थित पविमाविको खेल मैदानमा सोमबार सम्पन्न फाइनल खेलमा सप्तरीले सिरहालाई ६ विकेटले पराजित गर्दै उक्त उपाधी जितेको हो ।

टस जितेर ब्याटिङ रोजेको सिरहाले सबै विकेट गुमाई ९१ रन मात्र बनाउन सक्यो । उक्त योगफलका लागि रुपेश सिंह २६, दिपेश दास २० र अफरुद्दिनले १२ रनको योगदान दिएका थिए ।

९२ रनको बिजयी लक्ष्य लिएर मैदानमा उत्रेको सप्तरीले १० दशमलब ३ ओभरमा ४ विकेटको क्षतिमा प्राप्त गऱ्यो । सप्तरीका लागि रोहन बिकले सर्वाधिक ३१, राहुल मण्डल २१, महबुब आलम १६ (अविजित) र आशिष झाले १० रनको योगदान दिए । तीन विकेट समेत लिए वापत सप्तरीका महबुब आलम फाइनल खेलको म्यान अफ द म्याच घोषित भए ।

क्रिकेट संघ सप्तरीका अध्यक्ष आयुष श्रेष्ठको अध्यक्षतामा आयोजित पुरस्कार बितरण समारोहमा प्रमुख अतिथि नेपाली कांग्रेसका केन्द्रिय सदस्य दिनेश कुमार यादव, क्रिकेट संघका केन्द्रिय कोषाध्यक्ष रोशन सिंह, प्रदेश अध्यक्ष हिरा भगत, प्रदेश उपाध्यक्ष सुनिल महासेठ, प्रदेश सदस्य सतिश सिंह लगायतले पुरस्कार वितरण गरे ।

जिल्ला क्रिकेट संघ सप्तरीको आयोजना तथा मधेश प्रदेश क्रिकेट संघको समन्वयमा आयोजित उक्त प्रतियोगितामा मधेश प्रदेशका ८ वटै जिल्लाका टिमको सहभागिता रहेको थियो ।

# एसएसपीमा बढुवाका लागि ३२ एसपीको सिफारिस

**काठमाडौं**/नेपाल प्रहरीका ३२ एसपीलाई प्रहरी एसएसपीमा बढुवाका लागि सिफारिस गरिएको छ ।

नेपाल प्रहरीको शनिबार बसेको बढुवा समितिको बैठकले जनपद प्रहरी समूहतर्फ ३२ एसपीलाई एसएसपी पदमा बढुवाका लागि सिफारिस गरेको हो ।

सिफारिस हुनेहरुमा गणेश चन्द, सिद्धिविक्रम शाह, सुशीलसिंह राठौर, उमाप्रसाद चतुर्वेदी, दानबहादुर कार्की, डा मनोजकुमार केसी, राजन अधिकारी, जीवनकुमार श्रेष्ठ, हिमालयकुमार श्रेष्ठ, डम्बरबहादुर विक, ओमबहादुर राना, ईश्वर कार्की, राजेन्द्रप्रसाद भट्ट, दिनेशकुमार आचार्य र अरुण पौडेल रहेका छन् ।

यस्तै गोविन्द थपलिया, माधवप्रसाद श्रेष्ठ, दिल्लीराज विष्ट, मनोजकुमार यादव, रेवती ढकाल, दीपेन्द्र घर्ती क्षेत्री, दीपक रेग्मी, दिलीपसिंह देउवा, विनोद घिमिरे, किसनसिंह थापा, सुदर्शनप्रसाद कोइराला, दीपककुमार बस्नेत, जयराज सापकोटा, सुरेन्द्रबहादुर गुरुङ, सञ्जिव शर्मादास, लोकेन्द्र श्रेष्ठ र शारदाप्रसाद चौधरी रहेका छन् ।

उनीहरुलाई प्रहरी नियमावली, २०७१ (संशोधनसहित)को नियम २७ को उपनियम (४) अनुसार बढुवाका लागि सिफारिस गरिएको बढुवा समितिका सदस्यसचिव एवं प्रहरी अतिरिक्त महानिरीक्षक पूजा सिंहले जानकारी दिए ।

# रावि वडा नं. ७ स्वास्थ केन्द्र पोषण मैत्री स्वास्थ संस्था घोषणा



**राजबिराज**/राजबिराज नगरपालिकाले बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत पोषण मैत्री स्वास्थ संस्था घोषणा गरेको छ ।

राजबिराज नगरपालिका राजबिराज वडा ७ स्वास्थ शाखाद्वारा शतप्रतिशत पोषणका सुचकहरू पूरा गरेपछि पोषण मैत्री स्वास्थ संस्था घोषणा गरिएको हो ।

उक्त अवसरमा प्रमुख प्रशासकिय अधिकृत भोगेन्द्र यादवले मानव पुँजी निर्माण गर्न सुनौला हजार दिन कार्यक्रम अनुसार घर मै पोषण मैत्री वातावरण बनाई बिकलान, अशक्त हुनबाट जोगिन पोषण मैत्री समाज निर्माण गर्नु अहिलेको आबश्यकता रहेको बताए ।

मानव पुँजी भनेको बालबालिका रहेकोले समाजमा असल कुशल स्वस्थ बनाउन कुपोषणका दरलाई शून्य ल्याई पुर्ण वडा घोषणा समेत गर्ने प्रतिबद्धता उनले जनाए ।

शहरी स्वास्थ केन्द्रका ईन्चार्ज सन्तोष दासले विभिन्न संस्थाको सहयोगमा बिगत केही पोषणका कार्यक्रम गर्दै आएको जानकरी दिए । पहिलो र दोस्रो स्टेजमा रहेका कुपोषित बालबालिकाहरू उपचार गरिरहेको उनको भनाई छ ।

गर्भवतिदेखि २ बर्ष सम्म ८० प्रतिशत बृद्धिविकास हुने भएकोले गर्भवतिदेखि नै दुई बर्ष सम्म पोषणका सम्पूर्ण सुचक पूरा गर्न नियमित सबैको उपचार १० पटक गर्नुपर्ने, आईरन चकी, खोप नियमित लिनुपर्ने उनले बताए ।

स्वास्थकर्मी अमर यादवले सागसब्जी, माछामासु पोषणयुक्त खानालाई प्रयोगमा ल्याएकोले पोषणमैत्री पोषण कर्नरको व्यबस्था गरेको, स्तनपान, कुपोषित जिरो हुनुपर्दछ, भएकालाई उपचार भएको, रेकड गरेको मुवाटेप, सालटर मेसिन, पोष्टर पम्पलेटमा प्रचार, ६ महिना पछि थप खानाको उचित व्यबस्थापन गरेपछि घोषणा गरिएको जानकारी दिए ।

राजबिराज वडा ७ का वडा सदस्य रामानन्द देवको अध्यक्षतामा आयोजित कार्यक्रममा नगरपालिका स्वास्थ शाखा प्रमुख निरन्जन यादव, वडा सचिव कल्पणा देव, पत्रकार चन्दनकुमार यादव, पोषण सहजर्कता रंजिता यादव लगायत महिला स्वास्थ स्वयमसेविकाहरूले शुभकामना मन्तव्य राखेका थिए ।

## *तरलताको अभावले...*

व्यवसाय सबल भए अर्थतन्त्र पनि सबल हुने भन्दै उद्योगी व्यवसायीले भोगिरहेको समस्या समाधान गरिनु पर्ने बताए । तरलता अभावका कारण उद्योगी व्यवसायीले भोगिरहेको समस्या समाधान गर्न आवश्यक वातावरणको विकास गर्न बैंक तथा वित्तिय संस्था र सररकारले समयमै उचित कदम चाल्नु पर्ने उनको भनाई छ ।

उनले केही बैंक तथा वित्तिय संस्था र सहकारी संस्थाले तरलताको अभावको मौका छोपी मिटरब्याजीको काम गरीरहेको दोषारोपण गर्दै त्यस्ता अवैध कारोबार गर्नेहरुमाथी निगरानी बढाउनु पर्ने अवाश्यक्तामा जोड दिए ।

कार्यक्रममा अधिकाँश बैंकका प्रबन्धक तथा प्रतिनिधिहरुले उद्योगी व्यवसायीले व्यापार व्यवसाय प्रयोजनका लागी ऋण लिने र पछि गएर सो रकम जग्गा खरिद, मिटरब्याज, र साहुमाहाजनसंग लिएको ऋण लगायतका काममा प्रयोग गर्ने गरेरेको पाइएको गुनासो सुनाउदै त्यस्ता गतिविधी रोक्न सबै संग आग्रह गरे ।

संघका महासचिव संचेतीद्वारा संचालित कार्यक्रममा सनराईज बैंकका प्रबन्धक मुकेश साह, एभरेष्ट बैंकका विक्कि कडेल, कामना सेवा विकास बैंकका सुर्यनारायण मुखिया, सानिमा बैंकका प्रशान्त गजुरेल, सिद्धार्थ बैंकका संतोष साह, कुमारी बैंकका राहुल गुप्ता, प्रभु बैंकका अशोक निरौला, कृषि विकास बैंकका संजिव शर्मा, आईडियल सहकारी संस्था लि.का गणेश कुमार आश, नेपाल सहकारी संस्था ली.का सत्रुघन गुप्ता, जिल्ला सहकारी संघका रमेश गुप्ता लगायतले बैंक तथा वित्तिय क्षेत्रमा भएको तरलता अभावका कारण उत्पन्न समस्या र अर्थतन्त्र सुधारका लागी उद्योगी व्यवसायीहरुले उठाएका विषयलाई आपूलहरुले सकारात्मक रुपमा लिएको र माथिल्लो निकायमा कुरा पुऱ्याई आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएका थिए ।


**सर्पदंश (सर्पको टोकाई) बाट बच्न...**

- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठि लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदी निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*